जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लि.
Jalpa Samudayik Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था । राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको।

HEAD OFFICE:
Kalikanagar Butwal-11, Rupandehi
Ph. No.: 071-438157,438158,438159
Email: info@jalpamf.com.np
jalpamf@gmail.com
URL: www.jalpamf.com

चलानी :- ६००१।८०।८१

मिति २०८०/११/१६

नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाण्डौ ।

विषयः **साधारण सभाको जानकारी तथा शेयर दाखिला खारेजी बन्द गरिदिने सम्बन्धमा ।**

महाशय,

उपर्युक्त सम्बन्धमा यस वित्तीय संस्थाको मिति २०८०/११/१५ गते मंगलबार, अपरान्ह ३.३० बजे बसेको ११२औं बैठकबाट वित्तीय संस्थाको पाँचौ वार्षिक साधारण सभा मिति २०८०/१२/०९ गते शुक्रबार बोलाउने निर्णय भएको व्यहोरा जानकारी गराउँदै वार्षिक साधारण सभा सम्बन्धी संलग्न नमूना बमोजिमको सूचना मिति २०८०/११/१६ गतेको कारोबार राष्ट्रिय दैनिकमा प्रकाशन गरिने व्यहोरा अनुरोध गर्दछौं ।

**सूचना सम्प्रेषण विवरणः**

१. वोनस शेयरः नभएको ।
२. नगद लाभांसः नभएको ।
३. हकप्रद सेयरः नभएको ।
४. शेयर दाखिल खारेजको कार्य बन्द (बुक क्लोज) हुने मितिः २०८०/११/२४ गते बिहीबार १ दिन ।

भवदीय,

११/१६
(अशोक कुमार आचार्य)
कम्पनी सचिव

कम्पनी सचिव

**बोधार्थः**

१. नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
२. कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।
३. नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाण्डौ ।
४. नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग, बालुवाटार, काठमाण्डौ ।
५. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।
६. प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौ ।

जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लि.
Jalpa Samudayik Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था ( राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)
HEAD OFFICE:
Kalikanagar Butwal-11, Rupandehi
Ph. No.: 071-438157,438158,438159
Email: info@jalpamf.com.np
jalpamf@gmail.com
URL: www.jalpamf.com

श्री आदरणीय शेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८०/११/१५ गते, मंगलबार बसेको ११२औ बैठकको निर्णयानुसार वित्तीय संस्थाको पाँचौ वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल गरी निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले कम्पनी (पहिलो संशोधन) ऐन, २०६३ को दफा ६७(२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि अनुरोध गरिन्छ ।

मितिः २०८०/१२/०९ गते, शुक्रबार, (तदनुसार २२ मार्च, २०२४)
समयः विहान ९.०० बजे
स्थानः The SR Hotel, तिलोत्तमा न.पा.-१, ड्राईभरटोल, रुपन्देही

**छलफलका विषयहरुः**

**क. सामान्य प्रस्तावहरु**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० असार मसान्तको वासलात, नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।
३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. सञ्चालक समितिका सदस्यको नियुक्ती अनुमोदन गर्ने सम्बन्धमा ।

**ख. विशेष प्रस्तावहरुः**

१. जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड र किसान लघुवित्त वित्तीय संस्था लिमिटेड बीच एक आपसमा गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत गरिने अध्यक्षज्यूको प्रतिवेदन सम्बन्धमा ।
२. जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड र किसान लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा मर्जर गर्ने प्रयोजनको लागि मूल्याङ्कनकर्ताबाट प्राप्त सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन (Due Deligence Audit Report) को आधारमा जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडले १ (एक) कित्ता शेयर प्राप्त गर्दा किसान लघुवित्त लघुवित्त वित्तीय संस्था लिमिटेडले ०.८८३४ (शुन्य दशमलव आठ आठ तीन चार) कित्ता शेयर प्राप्त गर्ने गरी कायम भएको शेयर स्वाप अनुपात (Share Swap Ratio) सम्बन्धी प्रस्ताव पारित गर्ने ।
३. जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड र किसान लघुवित्त वित्तीय संस्था लिमिटेड बीच एक आपसमा गाभ्ने गाभिने प्रयोजनका लागि गठित संयुक्त मर्जर समितिबाट नियुक्त सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कनकर्ता चार्टड एकाउन्टेन्टस् फर्म NB Rokaya & Associates को नियुक्ति र पारिश्रमिक अनुमोदन गर्ने ।

जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लि.
Jalpa Samudayik Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

HEAD OFFICE:
Kalikanagar Butwal-11, Rupandehi
Ph. No.: 071-438157,438158,438159
Email: info@jalpamf.com.np
jalpamf@gmail.com
URL: www.jalpamf.com

४. जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड र किसान लघुवित्त वित्तीय संस्था लिमिटेड बीच एक आपसमा गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा सम्पन्न समझदारीपत्र (Memorandum of Understanding), सम्पत्ति, दायित्व र कारोवारको मूल्याङ्कन प्रतिवेदन (DDA), गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा गठित मर्जर समिति, संयुक्त मर्जर समिति र सञ्चालक समितिले गरेका निर्णय एवम् सो सम्बन्धमा भएका काम कारबाही र खर्च तथा अन्तिम सम्झौतापत्र अनुमोदन गर्ने ।

५. जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड र किसान लघुवित्त वित्तीय संस्था लिमिटेड बीच एक आपसमा गाभ्ने गाभिने कार्य सम्पन्न भए पश्चात बन्ने नयाँ संचालक समितिमा यस संस्थाबाट प्रतिनिधित्व गर्ने संचालकहरुका सम्बन्धमा संचालक समितिले गरेको निर्णय अनुमोदन गर्ने ।

६. जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड र किसान लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने गाभिने क्रममा कुनै कार्य गर्न वा नेपाल राष्ट्र बैंक वा कम्पनी रजिष्ट्रारको कार्यालय वा अन्य नियामक निकायबाट मर्जरको अन्तिम स्वीकृति प्राप्त गर्ने सन्दर्भमा कुनै निर्देशन प्राप्त भई सो अनुसार निर्णय गर्नुपर्ने भएमा वा मर्जर प्रक्रियालाई सफलतापूर्वक सम्पन्न गर्न कुनै थप निर्णय गर्नुपर्ने भएमा सो सम्बन्धी सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ग) विविध :**

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

**साधारण सभा सम्बन्धी थप जानकारी:**

१. **शेयरधनी दर्ता किताब बन्द रहने:** वित्तीय संस्थाको पाँचौ वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८०/११/२४ गते, बिहीबार शेयर दाखिल खारेजी दर्ता कार्य बन्द (बुक क्लोज) रहने छ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८०/११/२३ गते, बुधबार सम्म कारोबार भई प्रचलित कानून अनुसार तोकिएको समयावधि भित्रमा यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी किताबमा कायम शेयरधनीहरु सो सभामा भाग लिन योग्य हुने ब्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

२. वार्षिक साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले आफ्नो हितग्राही परिचय पत्र नं. वा आफ्नो परिचय खुल्ने कुनै आधिकारिक परिचयपत्र साथमा लिएर आईदिनुहुन अनुरोध छ । संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाबाट प्रतिनिधि नियुक्त गरिएको आधिकारिक पत्र लिई आउनुपर्नेछ ।

३. साधारण सभाको सूचना तथा वार्षिक प्रतिवेदन २०७९/८० सम्बन्धी विवरण संस्थाको केन्द्रीय कार्यालय बुटवल-११, कालिकानगर, रुपन्देही तथा शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ । कुनै कारणवस उक्त प्रतिवेदन प्राप्त नगर्नुहुने शेयरधनी महानुभावहरुले सभा हुने दिन सभास्थलबाट समेत प्राप्त गर्न सक्नुहुनेछ ।

४. साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई तहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका सभा हुने दिन बिहान ८.०० बजेदेखि सभा चालु रहेसम्म खुल्ला रहनेछ ।

HEAD OFFICE:
Kalikanagar Butwal-11, Rupandehi
Ph. No.: 071-438157,438158,438159
Email: info@jalpamf.com.np
jalpamf@gmail.com
URL: www.jalpamf.com

५. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहेमा शेयरधनीहरुले तोकिएको ढाँचामा यस वित्तीय संस्थाको शेयरधनीलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन् । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय बुटवल-११, कालिकानगर, रुपन्देहीमा दर्ता गराई सक्नु पर्नेछ । सभामा भाग लिन र मतदान गर्नको लागि प्रतिनिधि नियुक्त गरी सके पछि उक्त प्रतिनिधि बदर गरी अर्को मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधिभित्र कम्पनीको केन्द्रीय कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

६. प्रोक्सी नियुक्त गरिसक्नु भएको शेयरधनी आफै साधारण सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नु भएमा प्रोक्सी दिईसकेको भएपनि त्यस्तो प्रोक्सी बदर हुनेछ ।

७. कुनै संगठित संस्था वा कम्पनीको प्रतिनिधिले निज कम्पनीको शेयरधनी नभएपनि शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नेछ । यसरी प्रतिनिधि पठाउँदा सभा हुनु भन्दा कम्तीमा २४ घण्टा अगावै यस संस्थाको केन्द्रीय कार्यालयमा लिखित जानकारी गराउनु पर्नेछ ।

८. नाबालक शेयरधनीहरुको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता किताबमा उल्लिखित) ले सभामा भाग लिन, प्रतिनिधि तोक्न तथा मत दिन समेत सक्नेछ ।

९. छलफलको विषय सूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीहरुले सभा हुनु भन्दा सात दिन अगाबै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखितरुपमा दिनु पर्नेछ। तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

१०. साधारण सभामा कुनै छलफलको विषय अन्तर्गत छलफल गर्नुपरेमा कुल शेयर पुंजीको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनी महानुभावहरुले स्वीकृत दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नभएको प्रस्ताव (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।

११. साधारण सभा सम्बन्धी काम कार्यवाही कम्पनी ऐन २०६३ र नियमावली, २०७५ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

१२. अन्य थप जानकारीको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय तथा फोन नं. ०७१-४३८१५७, ०७१-४३८१५८ र ०७१-४३८१५९ मा सम्पर्क राख्नु हुन वा वित्तीय संस्थाको वेवसाईट www.jalpamf.com हेर्नु हुन अनुरोध छ ।